# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, पुस १७ गते २०३२ साल [अतिरिक्ताङ्क ४४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

### निर्वाचन आयोग ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : निर्वाचन आयोग ऐन, २०२४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "निर्वाचन आयोग (पहिलो संशोधन) अध्यादेश, २०३२" रहेको छ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा प्रारम्भ हुनेछन्।

२. निर्वाचन आयोग ऐन, २०२४ को दफा २ मा संशोधन : निर्वाचन आयोग ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) "निर्वाचन" भन्नाले नेपालको संविधान र प्रचलित नेपाल कानून बमोजिम गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य, जिल्ला सभाको सदस्य, जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य वा राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को खण्ड (ख) मा रहेको "रिटर्निङ्ग अधिकृत" भन्ने शब्दहरू झिकिएका छन्।

४. मूल ऐनमा दफा ३ क थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३ क थपिएको छ :–

"३ क. निर्वाचन आयोगले निरीक्षण अधिकृत नियुक्त गर्ने : (१) निर्वाचन आयोगले आवश्यक देखेमा निर्वाचनको लागि निरीक्षण अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) निरीक्षण अधिकृतको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :–

(क) निर्वाचन आयोग र निर्वाचन अधिकृत, पिठासीन अधिकृत वा मतदान अधिकृतको बीचमा सम्पर्क कायम राख्ने,

(ख) निर्वाचन अधिकृत, पिठासीन अधिकृत वा मतदान अधिकृतले निर्वाचनसम्बन्धी काम प्रचलित नेपाल कानून तथा निर्वाचन आयोगको निर्देशन अनुसार सम्पन्न गरेको छ छैन निरीक्षण गर्ने,

(ग) निर्वाचनको सञ्चालन स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपले गराउन निर्वाचन अधिकृत, पिठासीन अधिकृत तथा मतदान अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउने।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८९६

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ मा रहेको "रिटर्निङ्ग अधिकृत" भन्ने शब्दहरू झिकिएका छन् ।

६. रूपान्तर : मूल ऐनमा "प्रिजाइडिङ्ग अधिकृत" वा "पोलिङ्ग अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा क्रमशः "पिठासीन अधिकृत" वा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मिति:– २०३२।६।१७।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८७